मार्च २६, २०२०

मार्च १०, २०२० मा, कोलोराडो राज्यको गभर्नरले नोबेल कोरोनाभाईरस, जसलाई अहिले COVID-19 नाम दिइएको छ, यो फैलिने जोखिमको कारणले राज्यभरि आपतकालिन अवस्थाको घोषणा गर्दै एउटा कार्यकारी आदेश जारी गरेको छ ।

मार्च १२, २०२० मा, शहरको मेयर तथा डेन्भरको काउण्टीले COVID-19 फैलिने जोखिमको कारणले गर्दा, C.R.S. § 24-33.5-701, *et seq*. अनुसार स्थानीय प्रकोप आपतकालिनको अवस्था घोषणा गरेको छ, जुन मार्च १६, २०२० मा, COVID-19 फैलिने जोखिमले मे ११, २०२० मार्फत डेन्भरको शहर र काउण्टीको लागि शहर परिषदले मार्च १६, २०२० मा विस्तार गरेको थियो ।

मार्च १३, २०२० मा, सार्वजनिक स्वास्थ्य तथा वातावरणको डेन्भर विभाग ("DDPHE") को कार्यकारी निर्देशकले, डेन्भर संशोधित नगरको नियमावलीको खण्ड २४- १६ अनुसार, COVID-19 फैलिने कुरालाई घटाउन केही सुविधाहरुमा सीमित पहुँचमा प्रतिबन्ध गरेको छ ("मार्च १३ DDPHE आदेश")।

मार्च १५, २०२० मा, रोग नियन्त्रण केन्द्र ("CDC") ले सबै ठूल ा कार्यक्रम र ५० जना वा सोभन्दा बढि मानिसहरुको ठूलो जमघट रद्द वा COVID- 19 फैलन कम गर्न आठ हप्ता स्थगित गरिएको छ ।

मार्च १६, २०२० मा, डेन्भरको सार्वजनिक स्वास्थ्य तथा वातावरणको कार्यकारी निर्देशकले, डेन्भरको संशोधित नगर नियमावली खण्ड २४-१६ को अनुसार, मार्च १५, २०२० CDC सिफारिशदेखि एक ठाउँमा बसेर रेष्टुरेन्टमा खाना तथा पेय-पदार्थ उपभोग गर्ने तथा बृहत भेला गर्ने वा एउटा क्षेत्रमा धेरै नगर्ने सहित वा सीमित रहेको र एउटा क्षेत्रमा ५० जना मानिस वा सोभन्दा बढि मानिसहरुलाई ठूलो भेला गर्नलाई प्रतिबन्ध गरेको छ ("मार्च १६ DDPHE आदेश") ।

मार्च १६, २०२० मा, कोलोराडो सार्वजनिक स्वास्थ्य तथा वातावरणको कार्यकारी निर्देशकले, कोलोराडोको संशोधित विधान § § 25-1.5-101 (1) (a) र 25-1.5-102 (1) (a) (I), सार्वजनिक स्वास्थ्य आदेश २०-२२ को

डेनभर डिपार्टमेन्ट अफ पब्लिक हेल्थ एण्ड इन्भाइरोमेन्ट
101 W Colfax Ave, Suite 800 I Denver, CO 80202
www.denvergov.org/PublicHealthandEnvironment
p.720 -913 -1311 I f. 720-8 65-5531 I @DDPHE

सूचनाद्वारा बन्द बार, रेस्टुरेन्ट, थिएटर, व्यायामशाला र क्यासिनो, जुन आदेश मार्च १७, मार्च १८, र मार्च १९, २०२० संशोधन गरिएको थियो ("मार्च १६ CDPHE आदेश") ।

मार्च १८, २०२० मा, कोलोराडो राज्यको गभर्नरले COVID-19 सुरु भएको कारणले आदेश संशोधन भएको कारणले कोलोराडो राज्यमा रहेका सबै सार्वजनिक तथा निजी प्राथमिक र माध्यमिक विद्यालयहरुमा सामान्य व्यक्तिगत निर्देशनको निलम्वन गर्ने आदेश दिँदै कार्यकारी आदेश जारी गरेको छ (" मार्च १८ गभर्नर EO") ।

मार्च १८, २०२० मा, कोलोराडो सार्वजनिक स्वास्थ्य तथा वातावरण विभागको कार्यकारी निर्देशकले, कोलोराडोको संशोधित विधान § § 25-1.5-101(1)(a) र 25-1.5-102 (1) (a) (I) अनुसार, COVID-19 भाईरस फैलिन कम गर्नको लागि (१०) जना भन्दा बढि मानिसहरुलाई भेला हुन रोक्न कार्यान्वयन गर्ने सामाजिक दूरीको उपायहरु जारी गरेको छ ("मार्च १८ CDPHE आदेश") ।

मार्च १९, २०२० मा, कोलोराडो सार्वजनिक स्वास्थ्य तथा वातावरण विभागको कार्यकारी निर्देशकले, कोलोराडोको संशोधित विधान § § 25-1.5-101 (1) (a) र 25-1.5-102 (1) (a) (I) अनुसार, आवश्यक नरहेको व्यक्तिगत सेवा सुविधा समावेश गर्न र परि-म्यूचुअल वागरिङ सुविधाहरु रेस ट्र्याक र अफ ट्र्याक गर्नुको साथै खाना खुवाउने सेवामा उच्च शिक्षाका संस्थाहरुलाई छूट दिन, र होटलका खाना खुवाउने सेवाहरुलाई कोठामा खाना खुवाउने सेवाहरुभन्दा छुट दिइएको छैन भनेर प्रमाणित गर्न, व्यायामशालाको परिभाषा थप्न, र अप्रिल ३०, २०२० मार्फत मार्च १६ CDPHE विस्तार गर्नको लागि मार्च १६ CDPHE आदेश संशोधन गरिएको थियो । ("मार्च १९ CDPHE आदेश") ।

मार्च २१, २०२० मा, कोलोराडो सार्वजनिक स्वास्थ्य तथा वातावरण विभागको कार्यकारी निर्देशकले, कोलोराडोको संशोधित विधान § § 25-1.5-101 (1) (a) र 25-1.5-102 (1) (a) (I) अनुसार, सामाजिक दूरीको आदेशबाट छुट पाएका ती क्रियाकलाप तथा कार्यहरु थप प्रमाणित गर्नको लागि मार्च १८ CDPHE आदेश संशोधन गरिएको थियो ।

मार्च २२, २०२० मा कोलोराडोको राज्य सरकार गभर्नर मानिस नै गएर काम गर्ने समूह ५०% ले घटाएर कार्यस्थल संकटरहित बनाउने र राज्यमा COVID-19 को उपस्थितिको कारणले संभवभएसम्मको टाढा बसेर काम गर्ने क्षमता लागू गर्न आदेशसहित कार्यकारी आदेश D2020-013 जारी गरेको छ । ("EO D2020-013)

मार्च २२, २०२० मा, कोलोराडो सार्वजनिक स्वास्थ्य तथा वातावरण विभागको कार्यकारी निर्देशकले, कोलोराडोको संशोधित विधान § § 25-1.5-101 (1) (a) र 25-1.5-102 (1) (a) (I) अनुसार, EO D2020-013 को निर्देशनबाट छुट पाएका नाजुक अवस्थामा आपतकालिन क्षेत्रमा काम गर्ने कर्मचारी, कुनै योजनाको पूर्वाधार, सरकारी

कामकाज, र अन्य क्रियाकलापको परिभाषा दिदैँ एउटा आदेश पनि जारी गरेको छ । ("मार्च २२ CDPHE आदेश") ।

मार्च २३, २०२० मा, कोलोराडो सार्वजनिक स्वास्थ्य तथा वातावरण विभागको कार्यकारी निर्देशकले, कोलोराडोको संशोधित नियमावलीको खण्ड २३- १६ अनुसार, COVID-19 फैलिने दर कम गर्ने गृहको आदेश, जुन त्यही दिनमा संशोधन गरिएको थियो ("मार्च २३ DDPHE आदेश") ।

मार्च २४, २०२० मा, कोलोराडो सार्वजनिक स्वास्थ्य तथा वातावरण विभागको कार्यकारी निर्देशकले, कोलोराडोको संशोधित नियमावलीको खण्ड २३- १६ अनुसार, मार्च २३ को DDPHE आदेशको संशोधन । ("मार्च २४ DDPHE आदेश") ।

मार्च २५, २०२० मा, कोलोराडो राज्यको गभर्नरले राज्यमा COVID-19 देखा परेको बेलामा कोलोराडोबासीहरुलाई घरमा बस्ने आदेश दिदैँ र कोलोराडो सार्वजनिक स्वास्थ्य तथा वातावरण विभागको कार्यकारी निर्देशकले कार्यकारी आदेशको निर्देशिकामा उपयुक्त सार्वजनिक स्वाथ्य बिमा जारी गर्न निर्देशन दिदैँ कार्यकारी आदेश D2020-017 जारी गरेको छ ("EO D2020-017") ।

मार्च २५, २०२० मा, कोलोराडो सार्वजनिक स्वास्थ्य तथा वातावरण विभागको कार्यकारी निर्देशकले, कोलोराडोको संशोधित विधान §§ 25-1.5-101 (1) (a) र 25-1.5-102 (1) (a) (I) अनुसार, घरमा बस्ने आवश्यकताहरु कार्यान्वयन गर्ने आदेश जारी गरेको थियो । ("मार्च २५ CDPHE घरमा बस्ने आदेश") ।

मार्च २६, २०२० मा, कोलोराडो सार्वजनिक स्वास्थ्य तथा वातावरण विभागको कार्यकारी निर्देशकले, कोलोराडोको संशोधित विधान §§ 25-1.5-101 (1) (a) र 25-1.5-102 (1) (a) (I) अनुसार, मार्च २५ CDPHE घरभित्र बस्ने आदेशको संशोधन जारी गरेको थियो । ("मार्च २६ CDPHE घरमा बस्ने आदेश") ।

DDPHE का कार्यकारी निर्देशकले, डेन्भर संशोधित नगर नियमावलीको खण्ड २४-१६ अनुसार, यसकारण कोलोराडो राज्यको मार्च २६ DDPHE घरमा बस्ने आदेश अपनाउदैँ, डेन्भरको मार्च २४ DDPHE आदेशलाई संशोधन गरेको छ, अन्यथा यसलाई डेन्भरको घरभित्र बस्ने आदेश भनेर चिनिन्छ ।

यस हदसम्म, CDPHE आउँदा दिनहरुमा पनि घरमा बस्ने आदेश जारी गर्दछ, तिनीहरुले स्वतः रुपमा पालना गर्नुपर्नेछ र यस आदेशलाई संशोधन गर्नेछ । ("मार्च २६ DDPHE घरमा बस्ने आदेश")

डेन्भरको संशोधित नगर नियमावलीको खण्ड २४- २४ अनुसार, कुनै पनि व्यक्तिले यस आदेशलाई पालना गर्न असफल भएमा गैर-कानुनी हुनेछ । कुनै व्यक्ति यो कानुन पालना गर्न असफल भएमा पनि निजले प्रत्येक पटकको उल्लङ्घनमा नौं सय उनान्सय डलर ($९९९.००) नागरिक जरिवाना पनि तिर्नुपर्ने हुन्छ । कार्यान्वयन गराउने कदमहरु बढाउदै जाने खालको प्रकृतिको हुन्छ र डेन्भरले एउटा वा सोभन्दा बढि नागरिक, आपराधिक, र प्रशासनिक कदम, शुल्क, जरिवाना, सजाय, दण्ड, फैसला, र समाधानहरु खोज्न सक्दछ, र त्यो निरन्तर वा क्रमबद्ध रुपमा राखिएको हुन सक्छ ।

यो आदेश अप्रिल ११, २०२० साँझ ५:०० बजेदेखि सार्वजनिक स्वास्थ्य तथा वातावरण विभागको कार्यकारी निर्देशकले विस्तार, पुनः खण्डन, अर्को नल्याउँदा, वा लिखित रुपमा संशोधन नगरिँदासम्म रहनेछ ।

जारी गर्ने व्यक्तिः

सहीः आफैं

रोबर्ट एम. म्याकडोनाल्ड

सार्वजनिक स्वास्थ्य प्रशासक, डेन्भर सिटी तथा काउण्टी

कार्यकारी निर्देशक, डेन्भर सार्वजनिक स्वास्थ्य तथा वातावरण विभाग